## बाहिङ किरात मुलुखिम २०८०/०८१ बार्षिक प्रगति प्रतिवेदन

**(१) बाहिङ पाठ्यपुस्तक कक्षा ३ प्रारम्भ ।**

बाहिङ भाषा संरक्षण गर्ने उदेश्यले बाहिङ भाषा विकासका लागि बाहिङ किरात मुलुखिम संस्थाको अनुरोधमा वडा १ मोलीका अध्यक्ष श्री राजकुमार रुम्दालीज्यूको वडास्तरिय निर्णय र सहयोगमा मानेभञ्ज्याङ्ग गाउँपालिका ओखलढुगाको बजेट विनियोजन भई आर्थिक वर्ष २०८१/१०/२० मा कक्षा ३ को बाहिङ भाषाको पाठ्याक्रम पाठ्यपुस्तक निर्माण गरि श्री कालिका मा.वि मोलीलाई कक्षा संचालनका लागि संस्थाले वितरण गरेको छ । किताव छपाईमा सहयोग प्रदान गर्नु हुने मानेभञ्ज्याङ्ग गाउँपालिका र मोली वडाका वडाध्यक्ष श्री राजकुमार रुम्दाली लगायत समितिहरु प्रति संस्था आभार व्यक्त गर्दछ ।

**(२) बाहिङ जाति र समुदयलाई आदिवासीमा सूचिकृत ।**

बाहिङ किरात मुलुखिम केन्द्रको समन्वयमा र बाहिङ किरात मुलुखिल जिल्ला शाखा ओखलढुंगा र जिल्ला शाखा सोलुखुम्बुको पहलमा बाहिङ जातिलाई स्थानिय तहमा नेचासल्यान गाउँपालिका, मोनेभञ्ज्याङ्ग गाउँपालिका र चिशंखुगढी गाउँपालिका स्तरमा आदिवासीमा सूचिकृत गरि समुदायको पहिचान स्थापित गर्ने कार्य भएको छ । यसलाई केन्द्रीय स्तरमा पहिचानका लागि पहल गरि भाविपूस्ताका लागि दिगो विकासमा सहभागिता दिलाउनमा भुमिका निभाउने संस्थागत नीति रहेको छ ।

**(३) सामुहिक सारिखिम भवनका लागि जग्गा खरिद सम्पन्न ।**

बाहिङ किरात मुलुखिम केन्द्रीय कार्यसमितिले २०६६ सालको साधारण सभाले पारित गरिएको काठमाण्डौ, ललितपुर र भक्तपुर लगाएतका आसपासमा बसोबास गर्दै आएका सम्पूर्ण किरात बाहिङ समुदायको धार्मिक, सांस्कृतिक, जन्म, विवाह, मृत्यू संस्कार र पितृसंस्कार गर्नका लागि सुमदायलाई अति आवश्यक रहेको संस्थाले महसुस गरि समुदायको उत्थान र हितका लागि मिति २०८० भाद्र २ मा बृहत भेला गरि र सामुहिक सारिखिम जग्गा खरिद अभियान कार्ययोजना प्रस्तुत गरि औपचारिक रुपमा समुदायलाई अनुरोध गरि घर दैलोकार्यक्रम गरि सम्पूर्ण सहयोगी दाताहरुबाट आर्थिक सहयोग संकलन गरि मिति २०८१/०९/१८ मा काभे जिल्ला मालपोत कार्यालय धुलिखेलमा संस्थाको नाममा रजिश्टेशन पास गरि जम्मा ६ रोपनी १४ आना जग्गा पास गरिएको छ । उक्त जग्गाको मुल्य रु १,०३,८९०६२(अक्षेरेपी एक करोड तिन लाख उनानब्बे हजार बैसठी रुपैया) र जग्गाको राजश्व, लेखापडी, जग्गा मिलान र जग्गासम्म रोड जोड्नका लागि रु ६०६९८८(अक्षरेपी छ लाख छ हजार नौ सय अठासी रुपैया मात्र) गरि जम्मा कुल जम्मा रु १०९९६०५०(अक्षरेपी एक करोड नौ लाख छयानब्बे हजार पचास रुपैया) लागतमा सामुहिक सारिखिम जग्गा खरिद गरिएको छ । बाहिङ किरात मुलुखिम अध्यक्ष श्री भूपराज बाहिङ, सामुहिक सारिखिम जग्गा खरिद तथा आर्थिक संकलन समितिका संयोजक तथा मुलुखिमका उपाध्यक्ष श्री ठाकुर बाहिङज्यूको संयोजकत्वमा सदस्यहरु श्री मुगामया बाहिङ, श्री चुम बहादुर बाहिङ, श्री धिरेन सुस्तोचा बाहिङ, श्री कृष्ण बहादुर बाहिङ, श्री बुद्धबीर बाहिङ, श्री खडग कुमारी बाहिङ, श्री शुभला बाहिङ, श्री धन कुमारी बाहिङ, श्री भक्त ब बाहिङ, श्री किरण बाहिङ, श्री देशलक्षी बाहिङ, श्री सुस्मीता बाहिङ, श्री शुसान बाहिङ, श्री बिनु बाहिङ, श्री राम बहादुर बाहिङ, श्री श्री चित्र बहादुर बाहिङ, श्री बिद्याकला बाहिङ, श्री बुद्धराज बाहिङ, श्री ऋषि धन बाहिङ, श्री बल बहादुर बाहिङ, श्री शेखर बाहिङ, श्री भिम राज राई, श्री कुमार राई, श्री कलावती राई, श्री देब सेचोचा बाहिङ, बाहिङ किरात मुलुखिम दक्षिण कोरिय, बाहिङ किरात मुलुखिम ओखलढुंगा, र बाहिङ किरात मुलुखिम सुनसरी रहेका छन । सामुहिक सारिखिम जग्गा खरिदका लागि आर्थिक सहयोग दिई आफ्नो अमुल्य योगदान दिनु हुने सम्पूर्ण सहयोगीमनका धनी दाताहरु, संघ, र संस्थाहरु प्रति संस्था आभारी व्यक्त गर्दछ ।

प्रतिवेदन

बाहिङ किरात मुलुखिम
**केन्द्रिय कार्यालय, काठमाण्डौ ।**